जि.प्र.का. सप्तरी द.नं. १२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १३० २०७८ साल पुस ३ गते शनिबार (18 Dec. 2021 Saturday) मूल्य रु. ५/-

हिंसामुक्त घर, सुखी परिवार
समृद्ध समाजको बलियो आधार ।
नेपाल सरकार
विज्ञापन बोर्ड

***Log on : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : तीन जनाको नेपाली नागरिकताको.. ३ पृष्ठमा : प्रदेश २ मा खोप भण्डारण.. ३ पृष्ठमा : भुटानद्वारा प्रधानमन्त्री मोदीलाई..

# प्रदेश सरकारद्वारा कृषि विश्वविद्यालयको तयारीका लागि ३१ करोड अनुदान

**दैनिक समाचारदाता**
**राजविराज, २ पुस ।**
प्रदेश २ सरकारले अध्यादेशमार्फत स्थापना गरेको प्रदेश कृषि विश्वविद्यालयको तयारीका लागि ३१ करोड रुपैयाँ अनुदान दिन निर्णय गरेको छ ।

बिहीबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को बैठकले सप्तरीमा स्थापना गर्न लागेको कृषि विश्वविद्यालयको तयारीका लागि ३१ करोड रुपैयाँ दिने निर्णय गरेको प्रदेश २ सरकारका प्रवक्ता तथा अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले जानकारी दिए । उक्त रकम विश्वविद्यालयको भौतिक पूर्वाधार विकासका लागि खर्च गरिने उनले बताए ।

यस्तै प्रदेशमा रहेका सबै जिल्ला अस्पताललाई प्रादेशिक अस्पतालमा स्तरोन्नति गर्ने निर्णयसमेत प्रदेश मन्त्रिपरिषद बैठकले गरेको उनले जानकारी दिए ।




मन्त्रिपरिषद्ले बेटी पढाउ बेटी बचाउ अभियान सञ्चालनको जिम्मा पाएको समाजिक विकास मन्त्रालयले तयार गरेको कार्यविधिलाई परिमार्जनसहित पारित गरेको छ भने बन्द रहेको छोरी बिमा अभियानलाई पुनः संचालन गर्ने निर्णय गरेको छ ।

उक्त विश्वविद्यालयको कार्यालय उद्घाटन सप्तरी सदरमुकाम राजविराजमा सोमबार एक कार्यक्रमबीच जसपाका अध्यक्ष उपेन्द्र यादवले गरेका थिए । सो अवसरमा प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतको पनि उपस्थिति रहेको थियो ।

# दुर्घटनामा सप्तरीका एकै परिवारको तीन जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २ पुस ।**
सिरहाको लहान नगरपालिका ३ स्थित सडकमा बिहीबार साँझ सबारी दुर्घटना हुदाँ एकै परिवारको तीन जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

प्रदेश २-०१-००२ प २६८२ नम्बरको मोटरसाइकललाई स १ क २६१ नम्बरको टिपरले ठक्कर दिदाँ मोटरसाइकलमा सबार सप्तरीको बलान विहुल गाउँपालिका २ दिघियाका ६० बर्षीय मोतीलाल यादव, उनका भतिजा ३० बर्षीय रामकुमार यादव र ८ बर्षीय नाती अभिषेक यादवको मृत्यु भएको सिरहा प्रहरीले जनाएको छ ।

सोही दुर्घटनामा एक जना बच्चा घाइते भएको र ठक्कर दिने टिपर तथा चालक नियन्त्रणमा लिई दुर्घटनाबारे थप अनुसन्धान भइरहेको रहेको ईलाका प्रहरी कार्यालय लहानका प्रहरी नायव उपरीक्षक डा.तपन दाहालले जानकारी दिए ।

# कारागारका बन्दीको मृत्यु




**दैनिक समाचारदाता**
**राजविराज, २ पुस ।**
राजविराज कारागारका कैदी जिवन बिताइरहेको एक बन्दीको शुक्रबार उपचारका क्रममा मृत्यु भएको छ ।

ठगि मुद्दामा पूर्वपक्षका लागि तीन वर्षदेखी कारागारमा बन्दी जिवन बिताइरहेका सुनसरीको दुहबी ४ निवासी ५८ वर्षिय उद्दव खतिवडाको मृत्यु भएको हो ।

कारागारका निमित्त प्रमुख सन्दिप देवले ५८ वर्षिय खतिवडालाई शुक्रबार बिहान स्वास्थ्यमा समस्या देखिएपछि उपचारका लागि अस्पताल भर्ना गरिएको र उपचारकै क्रममा दिउँसो २ बजेतिर उनको मृत्यु भएको जानकारी दिए ।

राजविराजस्थित मालपोत कार्यालयमा कार्यरत रहँदा सरकारी कागजात किर्ते तथा ठगि मुद्दामा २०७५ साल साउन १७ गते उनी पूर्पक्षका लागि कारगार चलान भएका थिए । उनको हृदयघातका कारण निधन भएको गजेन्द्र नारायण सिंह अस्पतालले जनाएको छ ।

## आवश्यकता । आवश्यकता ॥ आवश्यकता ॥।

खदिजा ट्रेडर्स एण्ड सप्लायर्सलाई एक जना अनुभवी इच्छुक कर्मचारी चाहिएकोले समयमै सम्पर्क गर्नु होला ।

**पद : लेखापाल/संख्या : १ (एक) जना**

+2 (Management) मा उत्तिर्ण गरेको वा सो सरह एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा Accounting Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।

**सम्पर्क**
**खदिजा ट्रेडर्स एण्ड सप्लायर्स**
**राजविराज ९, मलेठ, बिहारपुर**
**मोबाइल नं. ९८०१५१५०१५**

## साधारण सभा सम्बन्धी सूचना

हाम्रो कृषि सहकारी संस्था लिमिटेड राजविराज ७ को १२ औं वार्षिक साधारण सभा मिति : २०७८/९/९ गते हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्य महानुभावमा साधारण सभामा सहभागिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति :** २०७८/९/९ गते
**स्थान :** नेपाल पत्रकार महासंघ सप्तरीको सभाहल, राजविराज
**समय :** दिनको १२ बजेदेखी

**व्यवस्थापक**
**हाम्रो कृषि सहकारी संस्था, राजविराज-७, सप्तरी**

मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले
तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको
मास्कले मेरो सुरक्षा
गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई
बचाउन सक्छौं




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# विपद्‌बाट जुद्धन पूर्वतयारी आवश्यक

गरिब, निमुख्खा जनतालाई चिसोबाट बचाउनका लागि स्थानिय तहहरुले पूर्व तयारीमा जुट्नु पर्ने बेला आएको छ । विगतका वर्षहरुमा चिसोका कारण दर्जनौं जनताले ज्यान गुमाउने परेको थियो । चिसो बढ्दै जाँदा सितलहरका कारण गरिब, निमुख्खा जनताहरुलाई न्यानो कपडाको अभाव महसुस हुन्छ । ती गरिब जनतालाई दुई छाक टार्न पनि धौं धौं परेको अवस्थामा स्थानिय तहले उनीहरुप्रति ध्यान पुऱ्याउन पनि उत्तिकै आवश्यक छ । यसका लागि अहिले देखी नै उनीहरुका लागि न्यानो कपडा तथा आगो ताप्न दाउराको प्रबन्ध मिलाउनका लागि पूर्व तयारी आति आवश्यक छ ।

सप्तरीमा अन्य जिल्लाको तुलनामा बढी दलित, गरिब जनताहरुको बसोवास रहेको छ । उनीहरुको आर्थिक अवस्था अत्यन्त न्युन रहेको छ । उनीहरुलाई बस्ने स्थानको समेत अभाव रहेको छ भने खाने कुराको प्रबन्ध मिलाउन अत्यन्त कठिनाई हुने गरेको छ । त्यसमा पनि चिसोको मौसममा न्यानो कपडाको व्यवस्था मिलाउन अरुकै मुख ताक्नु पर्ने अवस्था सबैसामु छर्लङ्गै रहेको छ । सो अवस्थामा उनीहरुको अभिभावक भनेकै स्थानिय सरकार हो । स्थानिय सरकारले उनीहरुलाई दुःख परेको बेला सहयोग गर्नु नैतिक जिम्मेवारी पनि हो । जसकारण अहिलेदेखी नै कठिनाईको अवस्थालाई मध्यनजर गरि पूर्व तयारी गरेर ती निमुख्खा जनतालाई सहयोग गर्नेतर्फ अग्रसर हुनु आवश्यक छ ।

विपद् कसैलाई भनेर वा कुनै समयसीमा नतोकी आउने गर्दा त्यसबाट जोगिन पूर्वतयारी नै उत्तम विकल्प भन्ने कुरा सबैले मनन् गर्नुपर्छ । तसर्थ त्यस्तो अवस्थासँग जुद्धन सबै स्थानिय तहले आजैबाट तयारीमा जुट्नुका साथै आगामी दिनहरुमा आउने सक्ने अन्य विपद्‌बाट जोगिन वा न्युनिकरण गर्न दिर्घकालिन रणनीति बनाउनु पनि उत्तिकै आवश्यक रहेको छ ।

# तीन जनाको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्ने निर्णय

काठमाडौं, २ पुस (रासस) ।

सरकारले कोभिड–१९ को आकस्मिक प्रतिकार्य तथा जनस्वास्थ्य जोखिम पूर्वतयारी परियोजनाका लागि विश्व बैंकबाट प्राप्त हुने १४ मिलियन अमेरिकी डलर थप ऋण सहायता प्राप्त गर्न टोली गठन गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्‌को बिहीबार बसेको बैठकको निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले शिक्षक सेवा आयोग (एघारौँ संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने निर्णय भएको जानकारी दिनुभयो । सरकारले सत्यनिरुपण तथा मेलमिलाप आयोगको सिफारिशमा पूर्णप्रसाद पौडेललगायत २९ जनालाई रु २३ लाख २० हजार क्षतिपूर्ति दिने निर्णय गरेको छ ।

यस्तै सरकारले सन्दीपचन्द्र बानियाँ, सुदीपचन्द्र बानियाँ र आत्माराम कुर्मीको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्ने निर्णय गरेको छ । सरकारले राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (पहिलो संशोधन) गठन आदेश, २०७८ स्वीकृत गरेको छ । बैठकले विनोदकुमार भट्टराईलाई नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित प्रथम श्रेणी र रामप्यारी सुनुवारलाई नेपाल न्याय सेवा, न्याय समूहको राजपत्राङ्कित प्रथम श्रेणी पदमा नियुक्ति गर्ने निर्णय गरेको छ ।

सरकारले सशस्त्र प्रहरी बलका महानिरीक्षक शैलेन्द्र खनाललाई भारतीय सशस्त्र बलको ५८औं स्थापना दिवस कार्यक्रममा भाग लिन स्वीकृति दिएको छ । बैठकले 'दि एलाइन्स फ्रान्सकासिस काठमाडौं' (एएफके)सँग भएको सम्झौता परिमार्जन गरी संशोधित सम्झौतामा हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति दिएको छ । सरकारले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत गरिबी निवारण कोष अभिलेख व्यवस्थापन कार्यक्रम कार्यान्वयनका लागि पाँच अधिकृतको अस्थायी दरबन्दी स्वीकृत गरेको छ ।

यस्तै बैठकले धादिङको बनीघाट रोराङ गाउँपालिकालाई प्रशासकीय भवन निर्माणका लागि १० रोपनी जग्गा प्रयोग गर्न तथा भोटेओडार आँखा उपचार केन्द्र सुन्दर बजार, लमजुङलाई भवन निर्माण गर्न एक रोपनी जग्गा भाडामा उपलब्ध गराउने भएको छ । राष्ट्रिय युवा परिषद्‌को उपाध्यक्ष नियुक्तिका लागि डा दामोदर रेग्मीको अध्यक्षतामा तीन सदस्यीय सिफारिस समिति पनि गठन गरिएको छ । नेपाली सेनाका सहायकरथी डा अरुणकुमार न्यौपानेलाई उपरथीमा बढुवा गरिएको छ ।

सहायकरथी सागरबहादुर केसीलाई अवकाश पूर्वउपरथीमा मानार्थ बढुवाकासाथै अन्य चार सैनिक अधिकृतको बढुवा गरेको सो अवसरमा जानकारी दिइयो । महासेनानी खगेश्वर अर्यालको अवकाशपूर्व विशेष बढुवा गर्ने निर्णय भएको छ । सेनाका प्राविधिक सेवाका सहायकरथी हेगेन्द्रलाल महर्जन र महासेनानी खुमबहादुर कुँवर क्षेत्रीको पदावधि थप भएको छ । सेनाका विभिन्न सेवा समूहका उपरथी, सहायकरथी र महासेनानीको सरुवा गरिएको छ ।

नेपाल विद्युत् प्राधिकरणलाई सुर्खेत–बिजौरा ३३ केभी प्रसारण लाइन आयोजनाको पोल तथा टाइट अफ वे संरचना निर्माणका लागि वीरेन्द्रनगर नगरपालिका र बाराहताल एवं पञ्चपुरी गाउँपालिकास्थित चेतना सामुदायिक वनलगायतको १०.५२ हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृत प्रदान गरिएको छ । जिल्लासभा कालीकोटका नाममा रहेका दुई हजार २९० वर्गमिटर जग्गा खाँडाचक्र नगरपालिका कालिकोटका नाममा हक हस्तान्तरण तथा विभिन्न १३ स्थानीय तहलाई विभिन्न परियोजनाका लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिइएको छ ।

सरकारले लोकसेवा आयोगबाट सिफारिश भई आएका डा प्रज्वल श्रेष्ठसहित १० जनालाई नेपाल स्वास्थ्य सेवाको ११औं तहमा नियुक्त गर्ने निर्णय गरेको छ । बैठकले नेपाल राजस्व परामर्श विकास समितिका सदस्य निर्मलहरि अधिकारीको राजीनामा स्वीकृत गरेको छ ।

# नेपालमा ३२ प्रतिशत बालबालिका दीर्घरुपमा कुपोषित

काठमाडौं, २ पुस (रासस) ।

बहुआयामिक गरिबी, प्राकृतिक तथा मानवीय विपत्ती र कोभिड–१९ जस्ता महामारीका कारणले आर्थिक क्षेत्रमा आएको शिथिलता र कमजोर पूर्वाधारको अवस्थाले नेपालको कुपोषण न्यूनीकरण गर्ने कार्यमा अवरोध पुगेको निष्कर्ष निकालिएको छ ।

बहुक्षेत्रीय पोषण योजना दोस्रो र अन्य पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमको विस्तारमा आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउन सन् २०२० मा राष्ट्रिय योजना आयोगले सुरु गरेको पोषणको कमी पूर्तिसम्बन्धी अध्ययनमा सो निष्कर्ष निकालिएको हो ।

विश्व खाद्य कार्यक्रमको सहयोगमा गरिएको यस अध्ययनले पोषणलाई खाद्य प्रणालीको दृष्टिकोणबाट हेर्दै पोषिलो खाद्य पदार्थको उपलब्धता र उपभोगका लागि आर्थिकलगायत अन्य केकस्ता बाधा छन् भन्ने कुराहरूको विश्लेषण गरेको छ । आयोगद्वारा शुक्रबार यहाँ आयोजित कार्यक्रममा सो प्रतिवेदन सार्वजनिक गरिएको थियो ।

अध्ययनमा नेपालमा एकातिर ३२ प्रतिशत बालबालिका दीर्घरुपमा कुपोषित छन् भने अर्कोतर्फ १७ प्रतिशत महिला अधिक तौलका रहेका र कुपोषणको अवस्था चिन्ताजनक देखिएको उल्लेख गरिएको छ । कुपोषण र खाद्य असुरक्षाको स्थितिको अवस्था भौगोलिक क्षेत्र, उमेर समूह र आर्थिक अवस्थाअनुसार फरक रहेको छ । बालबालिकामा हुने पुड्कोपन सबैभन्दा धनी समूहमा भन्दा सबैभन्दा बढी गरिब समूहमा सूक्ष्म पोषक तत्वको कमीका कारण दोब्बरभन्दा बढी रहेको पाइएको छ ।

सूक्ष्म पोषक तत्वको कमी वा लुकेको भोकमरीको मुख्य कारणमा न्यून खाद्य विविधता, खाद्य पदार्थमा आवश्यक पोषक तत्वको कमी र ताजा पोषिलो खाद्यवस्तु उत्पादनमा भन्दा अन्नबालीको उत्पादन र उपभोग जस्ता पक्षलाई प्रतिवेदनमा समेटिएको छ ।

प्रतिवेदन सार्वजनिक गर्दै आयोगका सदस्य डा दिलबहादुर गुरुङले प्रभावकारीरुपमा कुपोषण रोकथामका लागि नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयनका लागि तथ्य तथ्याङ्कको आवश्यकता पर्ने हुँदा यस अध्ययनले आगामी दिनमा यसम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा गर्न सहयोग पुग्ने बताउनुभयो ।

अर्का सदस्य डा उमाशङ्कर प्रसादले खाद्य पदार्थमा पहुँचका लागि नेपालले विद्यमान खाद्य प्रणालीको रुपान्तरण गर्नु आवश्यक रहेको बताउनुभयो । पोषण संवेदनशील कृषि र असल पूर्वाधारको विकासमा लगानी गरेर मात्रै सबै समुदायलाई स्वच्छ तथा पोषिलो खाद्य पदार्थको उपभोग गर्नसक्ने अवस्थामा पुऱ्याउन जरुरी भएको उहाँको भनाइ छ ।

आयोगका सचिव केवलप्रसाद भण्डारीले गरिबीले घरधुरीको पोषिलो खाद्य पदार्थको पहुँचमा अवरोध सिर्जना गरेको उल्लेख गर्नुभयो । उहाँले कुपोषणलाई रोकथाम गर्न बहुक्षेत्रीय प्रयासको आवश्यकता रहेको बताउँदै यस अध्ययनले पोषण अवस्था सुधार गर्नका लागि सबै सम्बन्धित क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ भन्नुभयो ।

आयोगका सहसचिव डा किरण रुपाखेतीले अध्ययनबाट पाँच जनाको परिवारलाई एक दिनका लागि पोषिलो खानाका लागि रु ३४८ र कम पोषिलो सामान्य खानाका लागि रु १४१ पर्ने देखिनुले पोषिलो खाना दोब्बर महँगो भएको देखिएकाले विपन्न वर्गलाई लक्षित गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने खाँचो औँल्याउनुभयो । मूल्यको विधिता भौगोलिक क्षेत्रअनुसार परक र हिमाली क्षेत्रमा सबैभन्दा उच्च देखिएको उहाँको भनाइ छ ।

विश्व खाद्य कार्यक्रमका राष्ट्रिय निर्देशक एवं प्रतिनिधि रोबर्ट कास्काले आर्थिक अभावका कारण पोषिलो खाद्य पदार्थ उपभोग गर्न नसक्ने घरधुरीका बासिन्दालाई सामाजिक सुरक्षा कार्यक्रम, जीविकोपार्जन सहयोग कार्यक्रम तथा विद्यालय दिवा खाजा जस्ता हस्तक्षेपकारी कार्यक्रममार्फत त्यस्ता परिवारको पोषिलो खाद्यको आवश्यकतालाई पूरा गर्न सकिने बताउनुभयो । यस्ता कार्यक्रमले ती परिवारको आर्थिक भार न्यून हुनुका साथै उनीहरूको न्यून आवश्यकता पूरा गर्नसमेत सहयोग पुग्ने उहाँको विश्वास रहेको थियो ।

प्रतिवेदनले कम्तीमा पनि पाँच घरधुरीमध्ये एकले न्यूनतम् मूल्य पर्ने पोषिलो खाद्य पदार्थ उपभोग गर्न नसक्ने अवस्थामा रहेको देखाएको छ भने केही हिमाली क्षेत्रमा ६० प्रतिशतभन्दा बढी घरधुरीले यस्तो पोषिलो खाद्य पदार्थ उपभोग गर्न नसक्ने अवस्था देखिएको छ ।

# बजेटको तीस प्रतिशत रकम पुसभित्र खर्च गरिसक्न अर्थमन्त्रीको निर्देशन

काठमाडौं, २ पुस (रासस) ।

अर्थमन्त्री जनार्दन शर्माले पुस महिनाभित्र आ–आफ्नो मन्त्रालयको बजेटको ३० प्रतिशत रकम खर्च गरिसक्न सबै मन्त्रालयसम्बद्ध पदाधिकारीलाई निर्देशन दिनुभएको छ ।

पुँजीगत खर्च बढाउने सम्बन्धमा शुक्रबार अर्थमन्त्रालयमा गरिएको अन्तरमन्त्रालय छलफलमा उहाँले पुँजीगत खर्च हुन नसक्दा तरलतामा समेत असर परेको उल्लेख गर्दै विकास खर्च गर्ने मन्त्रालयहरूलाई चाँडो खर्च गर्न ताकेता गर्नुभयो । "बजेट कार्यान्वयनमा कुनै मन्त्रालयले ढिलासुस्ती गर्न मिल्दैन, अर्थ मन्त्रालयले पनि गर्ने छैन, आफ्नो मन्त्रालयका निम्ति विनियोजन भएको बजेटको ३० प्रतिशत यो महिनाभित्र खर्च भएको हुनुपर्छ", समयमै पुँजीगत खर्च गर्न अर्थ मन्त्रालयका तर्फबाट समन्वयलगायत हुनुपर्ने सम्पूर्ण काम समयमै गर्ने प्रतिबद्धता व्यक्त गर्दै अर्थमन्त्री शर्माले भन्नुभयो ।

बजेट खर्चको चौमासिक समीक्षा गर्दा खर्च हुन नसकेको भेटिए रकमान्तर गरिने चेतावनी दिँदै उहाँले आर्थिक वर्षको अन्तिममा बजेट निकास गर्ने परिपाटी अन्त्य गर्ने दृढता व्यक्त गर्नुभयो । समयमै खर्च नहुने स्थिति उत्पन्न भए प्रदेश तथा स्थानीय तहलगायत खर्च हुने स्थानमा बजेट स्थानान्तरण गरिने उहाँले बताउनुभयो ।

*बाँकी अन्तिम पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१–५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रदेश २ मा खोप भण्डारण गृहको स्थापना

धनुषा, २ पुस (रासस)।

प्रदेश नं २ मा खोप भण्डारणको अभावका कारणले प्रदेशवासीले भोग्दै आएको पीडाको अन्त्य भएको छ। नेपाल सरकारको आर्थिक लगानी तथा कोभ्याक्स सुविधाअन्तर्गत युनिसेफले मेसिनरी सहयोगमा जनकपुरधाममा खोप भण्डारण गृहको स्थापना गरिएको छ। पहिलो चरणमा दुईवटा युनिटको निर्माण भएको प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रका प्रमुख डा प्रमोद यादवले जानकारी दिनुभयो।

चालिस हजार लिटरको दुई-दुईवटा युनिटको निर्माण गरेर सञ्चालनमा आएको छ। त्यसमा लाखौँ डोज खोप भण्डारण गरेर राख्न मिल्ने भएको छ। प्रदेश नं २ मा खोप भण्डारणको अभावका कारणले प्रदेश नं १ को विराटनगर तथा बागमती प्रदेशको हेटौँडाबाट खोप मगाएर काम गर्दा समस्या आइरहेको बेलामा प्रदेश २ को राजधानी जनकपुरधाममा नै खोप भण्डारण गृह सञ्चालनमा आएपछि खोपको अभाव नहुने डा यादवले बताउनुभयो।

यसअघि खोपको समयमा आपूर्ति नभएका कारणले जनस्वास्थ्यमा नकारात्मक असर पर्ने गरेको थियो। निकट भविष्यमा नै थप दुईवटा युनिट निर्माण गरेपछि खोप भण्डारण गृहको क्षमतामा वृद्धि हुने भएको छ। युनिट थप भएपछि क्षमतामा निकै वृद्धि भएर अन्य प्रदेशमा पनि पठाउन सकिनेछ।

खोपका लागि उचित तापक्रम नभएको खण्डमा खोपको प्रभाव कम भएर कतिपय अवस्थामा खोप काम नगर्ने अवस्था आउने भएकाले खोप भण्डारण गृहको निर्माण निकै महत्वपूर्ण भएको बालरोग विशेषज्ञसमेत रहनुभएका डा यादवले जानकारी दिनुभयो। नियमितरूपमा बालबालिकाका लागि प्रदान गर्ने दादुरा रुवेला, बिसीजी, डिपीटी, पोलियो, एफआइपिभी, बिसिभी, रोटाजस्ता खोपसहित एन्टिस्नेक भेनमसहित खोपहरू भण्डारणका लागि उपयोगी भएको प्रदेश नं २ स्वास्थ्य निर्देशनालयका निर्देशक विजयकुमार झाले जानकारी दिनुभयो।

प्रदेशको मध्यभागमा भण्डारगृह भएकाले आपूर्तिमा सहजता हुने उहाँले बताउनुभयो। अहिले नवनिर्मित प्रदेश खोप भण्डारणगृहमा कोरोनाविरुद्धको मोडर्ना खोपका चार लाख ४७ हजार डोज भण्डारण गरेर राखिएको छ। खोप भण्डारणगृह निर्माण भएपछि पालिकाको वडासम्म सञ्चालन हुने नियमित खोप कार्यक्रमलाई ठूलो मद्दत पुग्ने भएको छ।

प्रदेश सरकारले कृषि विश्वविद्यालयलाई रु ३१ करोड अनुदान दिने निर्णय गरेको छ। प्रदेश २ सरकारको मन्त्रिपरिषद्को बैठकले कृषि विश्वविद्यालयका लागि रु ३१ करोड अनुदान प्रदान गर्न अर्थ मन्त्रालयसँग सैद्धान्तिक सहमति माग गर्ने निर्णय गरेको छ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले अध्यादेशमार्फत स्थापना गर्न लागेको प्रदेश कृषि विश्वविद्यालयको तयारीका लागि रु ३१ करोड अनुदान दिने निर्णय गरेको हो। अनुदान रकम विश्वविद्यालयका लागि प्रदान गर्ने निर्णय कार्यान्वयनका लागि विश्वविद्यालयको कार्यविधि, बोर्ड तथा पदाधिकारी नियुक्तिपछि मात्र हुने अवस्था रहेको अर्थमन्त्रीसमेत रहनुभएका प्रदेश २ सरकारका प्रवक्ता शैलेन्द्रप्रसाद साहले जानकारी दिनुभयो।

सप्तरीमा स्थापना गर्न लागेको कृषि विश्वविद्यालयको तयारीका लागि सो रकम दिने निर्णय गरिएको प्रदेश सरकारका प्रवक्ता तथा अर्थमन्त्री साहले जानकारी दिनुभयो। प्रदेश सरकारले कृषि विश्वविद्यालयमा उपकुलपति नियुक्त गरिसके पनि आवश्यक भौतिक पूर्वाधार अगाडि बढ्न सकेको छैन। सरकारले सप्तरीको राजविराजमा कृषि विश्वविद्यालय स्थापना गर्ने निर्णय गरेको छ भने विश्वविद्यालयका उपकुलपतिमा डा वैद्यनाथ महतोलाई नियुक्त गरिसकेको छ।

त्यसैगरी मन्त्रिपरिषद् बैठकले 'बेटी पढाउ, बेटी बचाउ' अभियान सञ्चालनको जिम्मा पाएको सामाजिक विकास मन्त्रालयले तयारी गरेको कार्यविधिलाई परिमार्जनसहित पारित गरेको छ। त्यस्तै बन्द रहेको छोरी बिमा अभियानलाई पुनः सञ्चालन गर्ने निर्णयसमेत गरेको छ। त्यस्तै प्रदेश सरकारले प्रदेशका सम्पूर्ण जिल्ला अस्पताललाई स्तरोन्नति गरी प्रादेशिक अस्पताल बनाउने निर्णयसमेत गरेको छ।

# स्वास्थ बिकासका लागि शहरी सरसफाई तथा स्वच्छता सम्बन्धी तालिम सम्पन्न



दैनिक समाचारदाता

राजविराज, २ पुस।

स्वास्थ विकासका लागि शहरी सरसफाइ तथा स्वच्छता कार्यक्रम अन्तरगत खडक नगरपालिकामा सरसफाइकर्मीहरुलाई दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी दुई दिने तालिमको आयोजना गरिएको छ।

एसएनभी नेपालको सहयोग एवं खडक नगरपालीकाको समन्वयमा सबल नेपालद्वारा दिसा जन्य लेदो सुरक्षित साथ विर्सजन तथा व्यवस्थापन गर्ने उद्देश्यले संचालन गरिएको प्रशिक्षक एसएनभी नेपालका कृष्ण जिसिले बताए।

चर्पी सफा गर्दा व्यक्तिगत सुरक्षालाई ध्यान दिने र सुरक्षाका सामाग्रीहरु मास्क, चश्मा, पिपिई सेट, गमबुट, पञ्जा लगाएर सफा गर्ने जनाइएको छ।

विभिन्न प्रकारका सरुवा रोगहरुको प्रमुख कारण दिसा नै भएको र दिसाजन्य लेदो व्यवस्थापन सुरक्षित तरिकाले गरियो भने आफु अनि आफ्नो समाजलाई सुरक्षित राख्न सकिन्छ भन्ने बारेमा सहजिकरण गरिएको सबल नेपालका कार्यक्रम संयोजक प्रमेश्वर झाले जानकारी दिए।

कार्यक्रमले दिगो सरसफाइका लागि समुदायको बानी व्यवहार परिवर्तनका लागि विभिन्न अभियानहरु संञ्चालन गर्दै आईरहेको एवं दिसाजन्य लेदो व्यवस्थापनका लागि नगरपालिकामा स्थायी ट्रेन्च निर्माण गरिएको छ भने नगरपालिकाले सेफ्टी ट्याक सञ्चालनमा ल्याएको झाले बताए।

हाल शौचालयको प्रयोग बढ्दै गएको छ र यसको सरसफाइको महत्व झनै बढेको परिपेक्षमा यस तालिमले सहयोग

बाँकी अन्तिम पृष्ठमा


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौँ



मास्क लगाऔँ, साबुनपानीले हात धोऔँ, भौतिक दुरी कायम राखौँ
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौँ
अनुरोधकर्ता : बोदे बरसाइन नगर कार्यपालिकाको कार्यालय, सप्तरी


# विश्व समाचार

## भुटानद्वारा प्रधानमन्त्री मोदीलाई सर्वोच्च नागरिक सम्मान प्रदान

थिम्पु, भुटान, २ पुस, (रासस-एएनआई)।

भुटानले शुक्रबार प्रधानमन्त्री नरेन्द्र मोदीलाई आफ्नो सर्वोच्च नागरिक सम्मान, नगाडाग पेल गी खोर्लोद्वारा सम्मान गरेको छ।

भुटानको प्रधानमन्त्री कार्यालय (पीएमओ) ले फेसबुक पोस्टमा, "महामहिम नरेन्द्र मोदीको नाम सर्वोच्च नागरिक अलङ्कार, न्गाडाग पेल गी खोर्लोको लागि उच्चारण गरेको सुन्दा धेरै खुसी लाग्यो।" भनी उल्लेख गरेको छ।

अवार्ड प्रदान गर्ने क्रममा भुटानका राजा जिग्मे खेसर नामग्याल वाङ्चुकले विगतका वर्षहरूमा र विशेष गरी कोभिड-१९ महामारीको समयमा बढ्दो द्वीपक्षीय सहयोग र मित्रताको आदानप्रदान माथि प्रकाश पार्नु भएको थियो।

सम्मानका लागि धेरै योग्य ! भुटानका जनताबाट बधाइ। सबै अन्तरक्रियाहरूमा, महामहिमलाई एक महान्, आध्यात्मिक मानवको रूपमा देखियो। उत्सव मनाउनको लागि तत्पर हुनुहुन्छ। व्यक्तिगत रूपमा सम्मान," भनी सम्बोधन गरिएको छ। महामारी शुरु भएदेखि नै भारतले भुटानलाई कोभिड-१९ खोप र अन्य चिकित्सा उपकरण सहयोग गर्दै आएको छ।

यस वर्षको शुरुमा, भुटानका प्रधानमन्त्री लोटे छिरिङले कोभिड-१९ खोपको थुप्रै डोज प्राप्त गरेकोमा प्रधानमन्त्री मोदीलाई बधाइ दिनुभएको थियो। उहाँले भुटान भारतको नजिकको छिमेकी भएकाले आफूलाई सुरक्षित महसुस गरेको पनि बताउँनुभयो।

## भारतलाई थप राफेल विमान दिन फ्रान्स तयार : फ्रान्सेली रक्षामन्त्री

नयाँदिल्ली, भारत, २ पुस (रासस-एएनआई।

मेक-इन-इन्डिया पहलप्रति पूर्ण प्रतिबद्धताको आश्वासन दिँदै फ्रान्सेली रक्षामन्त्री फ्लोरेन्स पार्लीले शुक्रबार भारतको अनुरोधमा थप राफेल विमान उपलब्ध गराउँन फ्रान्स तयार रहेको बताउँनु भएको छ।

विकासोन्मुख मुलुकका लागि अनुसन्धान तथा सूचना प्रणालीका अध्यक्ष तथा फ्रान्सका लागि भारतका पूर्वराजदूत डा मोहन कुमारसँगको कुराकानीमा उहाँले यस्तो टिप्पणी गर्नुभएको हो। "हामी भारतले गर्न सक्ने कुनै पनि अतिरिक्त आवश्यकता वा अनुरोधहरूको जवाफ दिन तयार छौं। हामीलाई थाहा छ कि विमान वाहक छिट्टै डेलिभरी हुनेछ। विमान चाहिन्छ। त्यसैले हामी भारतको निर्णय हो भने अन्य कुनै पनि राफेल उपलब्ध गराउन तयार छौं।," उहाँले थप्नुभयो।

फ्रान्सले भारतलाई ३० राफेल विमान उपलब्ध गराएको बेला यस्तो प्रतिक्रिया आएको हो। अर्को वर्ष अप्रिलमा थप ६ वटा विमान उपलब्ध गर्ने तयारी छ।

आफ्नो भारत भ्रमणका क्रममा आयोजित एक कार्यक्रममा बोल्दै रक्षामन्त्री पार्लीले फ्रान्सले अन्य कुनै पनि देशले भन्दा बढी भारतीय सामग्रीको आवश्यकता बुझेको छ। "र हामी मेक-इन इन्डियाको पहलका साथसाथै हाम्रो विश्वव्यापी आपूर्ति शृङ्खलाहरूमा भारतीय उत्पादकहरूलाई थप एकीकरण गर्न पूर्ण रूपमा प्रतिबद्ध छौं।"

## बेलायतमा महामारी सुरु भएयताकै सबैभन्दा बढी संक्रमित, ओमिक्रोन पनि बढ्दो

लण्डन, २ पुस (रासस/सिन्ह्वा)।

बेलायतमा कोरोना भाइरसको प्रकोप सुरु भए यताकै सबैभन्दा धेरै सङ्क्रमित बढेका छन्। यहाँ बिहीबार मात्र ८८ हजार ३७६ जना कोरोना भाइरसका सङ्क्रमित भेटिएका छन्। यहाँ महामारीको प्रकोप बढेको यो दोस्रो दिन हो।

अघिल्लो दिन अर्थात् बुधबार मात्र पनि यहाँ ७८ हजार जनाभन्दा धेरै मानिसमा कोभिड सङ्क्रमणको पुष्टि भएको थियो। कोभिड महामारी सुरु भएयता एकैदिन पुष्टि भएका सङ्क्रमितको यो सर्वाधिक संख्या भएको यहाँका अधिकारीहरुले जनाएका छन्।

यहाँ केही समययता हरेक दिन कोभिड- १९ का सङ्क्रमितहरु बढ्दै गएको देखिएको छ। साथै यहाँ कोभिडको घातक मानिएको ओमिक्रोन पनि बढ्दो देखिएको छ। यहाँका स्वास्थ्य अधिकारीहरुले ओमिक्रोनको सङ्क्रमण पनि दिन प्रतिदिन बढेको देखिएको बताएका छन्।

यहाँ अहिलेसम्म १ हजार ६९१ जनामा ओमिक्रोनको घातक सङ्क्रमण फैलिएको देखिएको पनि अधिकरीहरुले जनाएका छन्। बेलायतको सरकारले कोभिड नियन्त्रणका लागि लकडाउन भइरहेका समयमा यसअघि गत जनवरीमा एकैदिनको सबैभन्दा धेरै ६८ हजार सङ्क्रमित पुष्टि भएको जनाएको थियो।

त्यसपछि सबैभन्दा बढी यहाँ बिहीबार सङ्क्रमित देखिएका छन्। त्यसपछि सबैभन्दा बढी संक्रमित बुधबार भनिएकामा त्यो भन्दा पनि बढी बिहीबार सङ्क्रमित बढेका हुन्। यहाँ अहिलेसम्म एक करोड १० लाखभन्दा बढी सङ्क्रमित पुगेका छन्। त्यसैगरी बेलायतमा यो सङ्क्रमणबाट मृत्यु हुनेको संख्या १ लाख ४६ हजार ९३७ जना पुगेको बताइएको छ।

# प्रधानमन्त्री कप राष्ट्रिय प्रतियोगिताका लागि प्रदेश २ महिला क्रिकेट टोलीको बिदाई



**दैनिक समाचारदाता राजविराज, २ पुस ।**
प्रधानमन्त्री कप राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन प्रदेश २ महिला क्रिकेट टोलीको शुक्रबार राजविराजमा बिदाई गरिएको छ । सो महिला क्रिकेट टोलीको सप्तरी क्रिकेट सँघले बिदाई गरेको हो ।

सप्तरी क्रिकेट संघ अध्यक्ष तथा प्रदेश २ क्रिकेट संघका सचिव आयुष श्रेष्ठ, उपाध्यक्ष धर्मेन्द्र चौधरी र सचिव चन्दनकुमार यादबले खेलाडीहरूलाई गम्छा, अबिर लगाएर बिदाई गरे ।

मंसिर २० गतेदेखि सप्तरी क्रिकेट संघको आयोजनामा संचालित प्रदेश स्तरिय महिला क्रिकेट छनोट प्रतियोगितावाट ती खेलाडी छनोट गरिएको हो ।

प्रदेश २ का पाँच जिल्ला सम्मिलित छनोट प्रतियोगिताबाट सरस्वती चौधरीको कप्तानीमा रोजी खत्री उपकप्तान, अलिसा यादब विकेट किपर, अनुराधा चौधरी, संतोषी चौधरी, आरती चौधरी, प्रतिमा साह रहेकी छिन ।

यसैगरी टोलीको अन्य सदस्यहरूमा साना प्रविण, प्रिंयका गुप्ता, गोमा आले, मेलिना रायमाझी, बिमला मगर, श्रृजना चौधरी, मधु चौधरीलाई चयन गरिएको प्रदेश २ क्रिकेट संघका सचिव श्रेष्ठले जानकारी दिए ।

त्यस्तै बैकल्पिक खेलाडीहरूमा शिवानी साह, मोनिका साह, पुष्पा फुयाल, मिना महतोलाई छनौट गरिएको छ ।

नेपाल क्रिकेट संघको आयोजनामा यही पुस ३ गते धनगढीमा प्रधानमन्त्री कप महिला टि ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिता जनाउने छन् ।

पुस ५ गते प्रदेश २ को पहिलो म्याच बिभागिय टोली एपिएफसँग भिड्ने तथा दोस्रो खेल गण्डकी प्रदेश सँग हुने तालिका रहेको छ ।

# न्यानो कपडा, दाउराको प्रबन्धसँगै सुचनाको पहुँच पुऱ्याउन आग्रह



**दैनिक समाचारदाता राजविराज, २ पुस ।**
सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले सितलहरको समयमा स्थानिय तहले न्यानो कपडा, दाउराको प्रबन्धका साथै समुदायमा सुचनाको पहुँच पुऱ्याए मानविय क्षति कम हुने बताएका छन् ।

कोशी पीडित समाजको आयोजना तथा डब्लुएफपिएको सहयोगमा शुक्रबार बिपद पूर्व तयारी र अग्रिम कार्य वारेमा संवाद कार्यक्रममा सरोकारवालाहरू सँग सो कुरा बताएका हुन् ।

सितलहरका कारण बर्षनी दर्जनौ मानिसहरूको मृत्यु हुने गरेकाले स्थानिय निकायले बिपन्न, गरिव घरधुरीलाई पहिचान गरि सिरक, कम्बल र दाउराको प्रबन्ध मिलाउन स्थानिय जनप्रतिनिधिलाई आग्रह पनि गरे ।

बिपद जोखिम न्युनिकरणका लागि बैठकलाई निरन्तरता दिनु आबश्यक देखिएकोले यसका लागि तत्काल प्रतिकार्य गर्न संयन्त्रहरू सबल हुन जरुरी रहेको र सामाजिक संघसंस्थाको ऱ्यापिड रेस्पोन्स डेस्क खडा गर्न पर्ने उनले औल्याए ।

प्रजिअ गौतमले भने, "संकटको बेला सूचना पाए मात्र राहत कहाँ कहाँ बितरण गर्ने थाहा हुन्छ, तर विपद्को अवस्था आउन नदिन तथा नियन्त्रण र जोखिमबाट कसरी बच्ने र उद्धार गर्ने भन्ने सहकार्य गर्न अति आवश्यक रहेको छ ।"

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादब, तिलाठी कोईलाडी गाउपालिकाका अध्यक्ष सतिश कुमार सिँह, राजगढ गाउपालिका अध्यक्ष प्रमानन्द यादब, सप्तरीका प्रहरी प्रमुख अभिनारायण काफ्ले, स्वास्थ कार्यालयका प्रमुख दुनियालाल यादब, शिक्षा बिकास तथा समन्वय ईकाई प्रमुख बिजय मण्डल, रेडक्रसका अध्यक्ष जोगेन्द्र भगत, डब्लुएफपिएका नितेश श्रेष्ठ, प्रदेश २ का कृष्ण माझी, नेपाल पत्रकार महासंघका सहसचिव चन्दनकुमार यादब, पत्रकार परिष कर्ण लगायत स्थानिय तहका प्रतिनिधिहरू उपस्थिति रहेको थियो ।

कोशी पीडित समाजले तिलाठी कोईलाडी, राजगढ गाउपालिका, हनुमाननगर कंकालनी नगरपालिका र छिन्नमस्ता गाउपालिका बिपद जोखिम न्युनिकरण सम्बन्धी प्रतिकार्य गर्दै आएको केभिएसका प्रविण यादबले जानकारी दिएका छन ।

### स्वास्थ बिकासका ...

पुग्ने विश्वास लिएको झाले जिकिर गरे ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुन्दन कुमार कर्णले आगमी दिनमा सरसफाइ र स्वच्छताको सुधारका लागि नीति नियम निर्माण तथा कार्यन्वयन गर्ने प्रतिबद्धता जनाए ।

### बजेटको तीस ...

विभिन्न प्रसङ्गमा मन्त्री शर्माले अर्थ मन्त्रालयमा फाइल आएको तीन दिनभित्र त्यसको जवाफ पठाउन निर्देशन दिनुभयो । प्रशासनिक झमेला र ढिलासुस्ती हुन नदिन सबैलाई सचेत तुल्याउँदै उहाँले त्यस्तो निर्देशन दिनुभएको हो ।

छलफलमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल, भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादव, स्वास्थ्यमन्त्री विरोध खतिवडा, खानेपानीमन्त्री उमाकान्त चौधरीलगायत सहभागी हुनुहुन्थ्यो ।

# श्याम महोत्सव मनाईदै



**दैनिक समाचारदाता राजविराज, २ पुस ।**
मारवाडी समुदायले मनाउदै आएको श्याम महोत्सव राजविराजमा विभिन्न कार्यक्रम गरी मनाइदैछ ।

श्री श्याम अमृत वर्षा नाम दिइएको महोत्सव अन्तगत बालाजी श्याम भक्तमंडल राजविराजले शुक्रबार रथयात्रासहित विभिन्न धार्मिक कार्यक्रम गरी महोत्सव मनाउन लागेको हो ।

दुई दिनसम्म चल्ने महोत्सवको पहिलो दिन शुक्रवार मारवाडी समुदायका महिला, पुरुष र बालबालिकाको सहभागितामा नगरक्षेत्रमा श्याम निशान रथयात्रा निकालिएको छ ।

रथयात्रामा अन्य धर्मावलम्बी तथा विभिन्न विद्यालयका विद्यार्थीहरुको पनि सहभागिता थियो । नाचगान गर्दै निकालिएको रथयात्रा र धार्मिक गितका साथ स्थानिय दास धर्मशालामा पुगी रथयात्रा धार्मिक समारोहमा परिणत भएको थियो ।

महोत्सव अन्तर्गत शनिवार रसभरी भजन सन्ध्या, महाप्रसाद, अखण्ड ज्योती प्रज्जवलन, फुलको होली लगायतका धार्मिक कार्यक्रम हुने तय भएको छ ।

उक्त महोत्सवमा नेपालका साथै भारतको दिल्लीका चैतन्य दाधिव, राँचीकी श्वेता अग्रवाल, जयनगरका सोनु र मयंकद्वारा प्रवचन प्रस्तुती र साँस्कृतिक लगायत धार्मिक कार्यक्रम हुने तय भएको आयोजक बालाजी श्याम भक्त मण्डल राजविराजले जनाएको छ ।

## वीमा लेख नं. हराएको सूचना

जलेश्वरदेखी जनकपुरतर्फ जाँदै गरेको अवस्थामा २०७८ साल कात्तिक २० गते मेरो निम्न ब्यहोराको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८१७८३५४५२ मा सम्पर्क गर्नुहोला ।

**नाम : सुनिल कुमार राउत**
**ठेगाना : एकदरा ४, महोत्तरी**
**वीमा लेख नं. : २५१३०२४७२**


जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं ।

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाज गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका,जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूमपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*